यो आकाशवाणी गान्तोक हो
समाचार पारसमणि दङ्गालबाट सुन्नुहोस्।

**Kailash Mansarobar**

पाँच वर्षपछि सिक्किम मार्ग भएर कैलाश मानसरोवर तीर्थ यात्राको पुनः शुरु हुने घोषणासितै यात्राको तयारी शुरु भएको छ। कोभिड महामारीका कारण कैलाश मानसरोवर यात्रा स्थगित भएको थियो।

विदेश मन्त्रालयका अनुसार आगामी जुनदेखि अगस्त महिनासम्म यात्राको आयोजना गरिनेछ। यात्रा उत्तराखण्डको लिपुलेख पास र सिक्किमको नाथुला पासबाट हुनेछन्।

विदेश मन्त्रालयका अनुसार लिपुलेख मार्गबाट ५० जना यात्रु रहने ५ वटा समूहले मानसरोवर यात्रा गर्नेछन् भने सिक्किमको नाथुला मार्गबाट ५० जना यात्रु रहने १० वटा समूहले कैलाश मानसरोवर यात्रा गर्नेछन्।

पाँच वर्षको अन्तरालपछि शुरु हुने मानसरोवर यात्रालाई लिएर सिक्किमले नाथुला मार्गमा युद्धस्तरमा तयारी गरिरहेको छ।

स्मरण रहोस्, सन् 2017-मा नाथुला सीमाबाट कैलाश मानसरोवर यात्रा शुरु भएको थियो तर कोविडका कारण यो यात्रा 2020 देखि स्थगित रहेको थियो।

**Review Meeting –PM Visit**

राज्यका मुख्य प्रशासक एवम् क्याबिनेट सचिव श्री विजयभूषण पाठक अनि मुख्य सचिव श्री रविन्द्र तेलाङले आज टाशिलिङ सचिवालयमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीको आगामी सिक्किम भ्रमणको तयारी विषय समीक्षात्मक बैठकको अध्यक्षता गर्नुभयो।

बैठकमा प्रधानमन्त्रीको भ्रमणको क्रम आवश्यक पर्ने सामग्री र सुरक्षा पक्षहरूबारे व्यापक चर्चा भएको थियो। यसका साथै बैठकमा सिक्किमको धरोहर प्रदर्शन गर्ने किसिमको सांस्कृतिक कार्यक्रम आयोजना गर्ने तथा प्रधानमन्त्रीका बाहुलीबाट सम्पन्न हुने विभिन्न कार्यक्रम र परियोजनाहरूको उद्घाटन र शिलान्यास सूचीलाई अन्तिम रूप दिने विषयमा छलफल भएको थियो।

**CM Gratitude**

सिक्किमले शुक्रबार पचासौं राज्य दिवस भव्यताका साथ पालन गर्‍यो। राज्य स्थापनाको ५० औं गौरवशाली वर्ष मनाउनेक्रममा सिक्किम र सिक्किमवासीलाई देशभरिबाट बधाई सन्देश र शुभकामनाहरू प्राप्त भएका थिए।

यसैसन्दर्भमा राज्यका मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले सिक्किमका जनताको तर्फबाट राज्य स्थापनाको स्वर्ण जयन्तीको अवसरमा न्यानो शुभकामना र बधाई दिनुहुने सबै सम्मानित नेताहरू, मित्रहरू र शुभचिन्तकहरूप्रति कृतज्ञता प्रकट गर्नुभएको छ।

आफ्नो प्रतिक्रियामा मुख्यमन्त्रीले भन्नुभएको छ, तपाईंहरूका शुभकामनाका शब्दहरू र आशीर्वादहरूले हाम्रो हृदयलाई छोएको छ र हाम्रो इतिहासको यो महत्त्वपूर्ण अध्यायमा ठूलो अर्थ थपेको छ।

यसका साथै मुख्यमन्त्री श्री तामाङले यस ऐतिहासिक क्षणमा सिक्किमका जनतालाई पनि विशेष धन्यवाद दिनु भएको छ।

**State Day Mangan**

राज्यका विभिन्न स्थानमा शुक्रबार पचासौं राज्य दिवस विभिन्न कार्यक्रमसहित पालन गरिएको समाचार प्राप्त भएका छन्।

यसैक्रममा मंगन जिल्ला अन्तर्गत मंगन नगर पञ्चायतले क्षेत्र सभा, हाजिरीजबाब प्रतियोगिता, स्वयं सहायता समूह कार्यक्रम तथा हर घर तिरङ्गासहित राज्य दिवस पालन गरेको थियो।

कार्यक्रममा राज्य एवम् क्षेत्रको विकास विषय छलफल गर्न क्षेत्र सभाको आयोजना गरिएको थियो। जसको अध्यक्षता नगर पञ्चायत सभापति श्रीमती नोर्कित लेप्चाले गर्नुभएको थियो।

**State Day IRB Delhi**

सिक्किम राज्य स्थापनाको स्वर्ण जयन्ती समारोह शुक्रबार दिल्लीका उपराज्यपालको आधिकारिक निवास राजनिवासमा भारतीय रिजर्भ बटालियनको आयोजनामा पालन गरियो। कार्यक्रममा उपराज्यपाल श्री विनयकुमार सक्सेना र अन्य विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो।

**State Day BHU**

काशी हिन्दू विश्वविद्यालय, वाराणसी उत्तर प्रदेशमा अध्ययनरत सिक्किमे विद्यार्थीहरूले शुक्रबार पचासौं सिक्किम राज्य दिवस पालन गरे।

सिक्किमे विद्यार्थी संङ्घद्वारा आयोजित कार्यक्रममा राष्ट्रिय मूलधारामा सिक्किमको समावेश अनि यसको महत्व र औचित्यमाथि चर्चा भएको थियो।

**Tourism Online Payment**

पर्यटन व्यवसायी एवम् हितधारकहरूको सुविधालाई ध्यानमा राखेर राज्यको पर्यटन तथा नागरिक उड्डयन विभागले डिजिटल हुँदै अनि भुक्तानी प्रणालीलाई सरल र सुविधाजनक बनाउँदै अनलाइन भुक्तानी प्रणाली शुरु गरेको छ। यो भुक्तानी पर्यटन विभागको आधिकारिक वेटसाइटमार्फत गर्न सकिनेछ।

जस अन्तर्गत नयाँ पञ्जिकरण, लाइसेन्स नवीकरण, बढोत्तरी, रेन्ट तथा लिज पेमेन्ट, बकाया भुक्तानी अनि पर्यटन ब्यापारसित सम्बन्धित कुनै पनि भुक्तानी गर्न सकिनेछ।

**Sikkim Premier League 2025**

आक्रमण स्पोर्टिङ क्लब सिक्किम प्रिमियर लिग 2025-को च्याम्पियन बनेको छ। शुक्रबार पाल्जोर स्टेडियममा सम्पन्न खेलमा आक्रमण स्पोर्टिङ क्लबले सिङलिङ स्पोर्टिङ क्लबलाई एक गोलले पराजित गर्दै 20 लाख रुपियाँ नगद राशिसहित ट्रफी उठाएको छ।

फूटबल डेभलोभमेन्ट प्रा.लिद्वारा सिक्किम सरकार र डियर लटरीसित मिलेर आयोजना गरिएको प्रतियोगितामा उपविजेता दललाई ट्रफीसहित 10 लाख रुपियाँ नगद पुरस्कार प्रदान गरिएको थियो।

**आकाशवाणी गान्तोकबाट सुन्दै हुनुहुन्थ्यो समाचार पूरा भयो।**